नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०५/०९ को निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तयार पारी मिति २०७७/०६/१४ को सचिवस्तर निर्णयबाट स्वीकृत ।

# स्थानीय तह मार्फत सञ्चालन हुने कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सम्वन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७७

## १.परिचय

संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि तथा पशुपन्छी बिषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सहकार्यमा शसर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहवाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन एवं ब्यबस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्याउन यो मार्गदर्शन तयार गरिएको छ ।

## २. उद्देश्य

- स्थानीय कृषि,पशुपन्छी तथा मत्स्य बिषयका तथ्याङ्कहरुको नियमित संकलन, प्रशोधन, विश्लेषण तथा अभिलेखिकरण गर्ने कार्यलाई वैज्ञानिक एवं व्यवस्थित बनाउन सहयोग पुर्याउने।
- कृषि, पशुपन्छी तथा मत्स्य बिषयका ब्यवस्थित एवं यथार्थपरक तथ्याङ्कहरुको उपयोगबाट स्थानीय योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई प्रभावकारी बनाउन सहयोग पुर्याउने ।

## ३. कार्यक्रमको बजेट व्यवस्था तथा खर्च गर्न तोकिएका क्षेत्रहरु

स्थानीय तह र कृषि तथा पशुपन्छी बिषय हेर्ने सम्बन्धित संघीय एवं प्रदेश मन्त्रालयबाट बिनियोजित कार्यक्रम बजेटबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।चालु आ.ब. २०७७/७८ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्विकृत कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम (ब.उ.शि.नं. ३१२००१०१) अन्तर्गत बित्तीय हस्तान्तरण मार्फत स्थानीय तहबाट संचालन गरिने "कृषि तथा पशुपन्छी सम्वन्धी तथ्यांक अध्यावधिक कार्यक्रम"लाई तपसिल अनुसारका शिर्षकहरुमा खर्च गर्ने गरी सम्बन्धित स्थानीय तहको कृषि शाखाले पशु बिकास शाखासंगको संयुक्त सहकार्यमा सन्चालन गर्नुपर्नेछ।

(क) अन्नवाली, नगदेवाली, दलहन, तेलहन, तरकारी, फलफुल, च्याउ तथा मह र पशुपन्छी एवं माछा उत्पादनसंग प्रत्यक्ष सम्बन्धित तथ्याङ्क संकलनका लागि कर्मचारीहरुको दैनिक तथा भ्रमण खर्च स्टेशनरी तथा फिल्ड कार्यमा खटिदा आवश्यक पर्ने ब्यवस्थापकीय खर्च ।

(ख) संकलित तथ्याङ्क प्रविष्टी, प्रशोधन तथा सफ्टवेयरमा प्रबिष्टका लागि व्यक्ति वा सेवा करारका लागि आवश्यक पर्ने खर्च ।

(ग) बाली कटानी (Crop cutting) गर्दा लाग्ने खर्च ।

(घ)संकलित तथ्याङ्क प्रमाणीकरण तथा अनुमोदनका लागि तथ्याङ्क ब्यबस्थापन समितिको बैठक संचालन तथा खाजाका लागि आवश्यक पर्ने खर्च ।

डा. हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४. तथ्याङ्क संकलन प्रकृया

आफ्नो स्थानीय तहभित्र भैरहेको कृषिजन्य कृयाकलापबाट उत्पादित कृषि उपजहरुको अद्यावधिक आँकडा पत्ता लगाउने प्रयोजनका लागि स्तरीय बैज्ञानिक/तथ्याङ्कीय विधि अनुसरण गरी तथ्याङ्क संकलन गर्नुपर्दछ ।सालवसाली कृषि तथा पशुपन्छीजन्य उत्पादन सम्बन्धी बिभिन्न पक्षहरुका आँकडा अनुमान गर्न हरेक स्थानीय तहका वडाको प्रतिनिधित्व हुने गरी दैबी (Random) विधि अपनाई कृषक परिवार छनौट गर्नुपर्दछ ।यसरी छानिएका कृषक घरधुरिको स्थलगत भ्रमण गरी वाली लगाईको क्षेत्रफल र उत्पादन तथा पालिएका पशुपन्छी संख्या एवं उत्पादन लगायतका विविध पक्षहरुको विवरण सोधी प्रश्नावली फारम भरी ल्याउने र प्राप्त विवरणहरुबाट तथ्याङ्कीय विधि अपनाई वडा स्तरको अनुमान पत्ता लगाउनु पर्दछ ।कृषक परिवार छनौटका लागी अद्यावधिक कृषक लगतको आवश्यकता पर्दछ। यसको लागि राष्ट्रिय जनगणनावाट प्राप्त हुन आउने वडा अनुसारको जनसंख्या तथा कृषक परिवारको लगतलाई प्रयोग गर्न सकिन्छ ।त्यसैगरी सम्बन्धित क्षेत्रको पछिल्लो निर्वाचन मतदाताको सूची पनि आधारको रुपमा प्रयोग गर्न सकिन्छ। पछिल्लो मतदाता सूचीमा सबै वडाको सवै मतदान गर्ने योग्यता पुगेका नागरिकहरुको परिवारको विवरण पाईन्छ।यो विवरण निर्वाचन आयोगको **Webpage** मा पाउन सकिन्छ ।यस लगतलाई स्थानीय यथार्थसँग भिडाई कृषक परिवारको संख्या तथा लगत अद्यावधिक गर्न सकिन्छ ।यसरी वडा अनुसार कृषक परिवारको लगत तयार भएपछि उपयुक्त तथ्याङ्कीय विधी अपनाई आवश्यक संख्यामा प्रतिनिधिमुलक किसान परिवार छनौट गर्नु पर्दछ । कति संख्यामा किसान परिवार छान्ने (Sample size) भन्ने विषय तथ्याङ्कीय विधी, आवश्यक पर्ने तथ्याङ्कको प्रकृति, उपलव्ध प्राविधिक जनशक्ति, समय एवं उपलब्ध हुन सक्ने आर्थिक स्रोत लगायतका विषयहरुमा भर पर्दछ । कृषि परिवारहरुको वितरण (Distribution)मा कायम रहेको समानता या भिन्नताले पनि छनौट संख्यामा असर पार्दछ । कृषिजन्य क्रियाकलाप तथा उत्पादनमा समानता भएमा सामान्यतया थोरै कृषक परिवार छनौट गरी अन्तरवार्ता लिन सकिन्छ ।जस्तै तराईका किसानहरुको कृषिजन्य कृयाकलाप तथा उत्पादकत्वमा हिमाली तथा पहाडी भूभागको तुलनामा बढि समानता पाईन्छ ।तसर्थ सामान्य अवस्थामा तराई, पहाड र हिमाली भेगमा जम्मा किसान परिवारको क्रमशः ५, १० र १५ प्रतिशत कृषक घर परिवार छान्न उपयुक्त हुन्छ।वडा स्तरमा ज्यादै न्यून संख्यामा कृषक परिवार भएको खण्डमा कम्तिमा पनि ३० कृषक परिवार नमुनाको रुपमा अनिवार्य हुनु पर्दछ । छानिएका कृषक परिवारसंग एकिकृतफाराम(अनुसुचि-१ देखि ४ सम्म) प्रयोग गरी अन्तवार्ता संञ्चालन गर्नु पर्दछ ।कृषि, पशुपन्छी रमत्स्य तथ्याङ्क संकलन बिधिका बारेमा बिस्तृत जानकारीका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको Webpage (**https://www.moald.gov.np/**)मा राखिएको **कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन निर्देशिकाको** सहयोग लिन सकिन्छ।

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४.१ कृषि तथ्याङ्क

कृषक अन्तर्वार्ताबाट प्राप्त हुने उत्पादकत्व सम्बन्धी जानाकारी उत्तरदाताको आफ्नै अनुभव र सम्झनाको आधारमा प्रदान गरिने हुँदायथार्थ भन्दा तल/माथि हुन जाने समस्या (Deviation) हुनसक्छ । यसका लागि यथार्थ विवरण प्राप्त गर्नबाली कटानी (Crop cutting)कृषि तथ्याङ्क अनुमानको विश्वभर प्रयोग गरिँदै आएको महत्वपुर्ण विधि हो ।यसरी प्राप्त हुने उत्पादकत्वले वाली भित्र्याइएको कुल क्षेत्रफललाई गुणन गरी उत्पादन परिमाण निकाल्न सकिन्छ।तर वडा भरिमा कति क्षेत्रफलमा उक्त बाली लगाईएको छ भन्ने अनुमानका लागि समूह छलफल तथा जानकार व्यक्तिबाट जानकारी लिनु पर्दछ ।बर्षे तथा हिंउदे बाली तथ्याङ्क संकलन फाराम **अनुसूची १ र २** मा राखिएका ढाँचा बमोजिम हुनुपर्नेछ।वाली तथ्याङ्क तर्फ प्रमुख रुपमा बर्षे र हिंउदे अन्नबाली, नगदे बाली, दलहन, तरकारी, फलफूल तथा तेलहन बालीहरुको वडा अनुसार क्षेत्रफल र उत्पादन परिमाण अनुमान गर्नुपर्दछ । मह र च्याउको हकमा भने घार संख्या र च्याउ उत्पादन गर्ने डल्ला वा प्लाष्टिक घरका आधारमा एकिन गर्नु पर्दछ ।वडा अनुसार प्राप्त हुन आएका अंङ्कहरुबाट सम्बन्धित स्थानीय तहहरुको कुल बाली लगाइएको क्षेत्रफल तथा उत्पादन परिमाण अनुमान लगाउन सकिन्छ ।

## ४.२ पशुपन्छी तथा मत्स्य तथ्याङ्क

नेपालमा हाल ब्यावसायीक पशुपालन, कुखुरापालन एवं माछापालन कार्य क्रमश: विकास हुँदै गईरहेका छन्।व्यावसायीक फर्महरुमा साधारणतया अभिलेखहरु ब्यवस्थित रहने गरेकाले स्थानीय तह भित्रका सबै यस्ता फर्महरुको पशुपन्छी तथा मत्स्य विवरण तथासंख्या र उत्पादित दुध, मासु, अन्डा, उन, माछा, भुरा, पश्मिना आदीको बार्षिक परिमाणअनुमान लगाउन सजिलो हुन्छ। तर अन्य कृषककाहकमा दैबी (Random sampling) छनौटमा परेका नमूना किसान परिवारसंग अन्तवार्ता विधीबाट पशुपन्छी, मत्स्य, माछापोखरी संख्या तथा उत्पादनका वार्षिक अनुमानहरु पत्ता लगाई वडास्तरका अनुमानहरु निकाल्नु पर्दछ ।एक बर्ष भरिमा एउटै किसान वा व्यावसायिक फर्महरुले पाँच वा छ पटक सम्म (जस्तै: ब्रोईलर कुखुरा) पनि उत्पादन गर्ने हुँदा हरेक पटकका संख्या र उत्पादन जोडी वार्षिक आंकडा निकाल्नु पर्दछ। गाई, भैंसी, भेडा, बाख्रा, बुङ्गुरका संख्या गणना गर्दा बार्षिक औषत संख्या पत्ता लगाउनु पर्दछ।पशुपन्छी तथा मत्स्य तथ्याङ्क **अनुसूची ३ र ४** मा उल्लेखित ढाँचाबमोजिम संङ्कलन गर्नुपर्नेछ।

## ४.३ तथ्याङ्क रिपोर्टिङ गर्नुपर्ने समयसीमा

- हिउँदे बाली:-हरेक बर्षको चैत्र मसान्त सम्म
- बर्षे बाली:-हरेक बर्षको मंशिर मसान्त सम्म
- अन्य बाली: वार्षिक रुपमा श्रावण मसान्त सम्म
- पशुपन्छी तथा मत्स्य सम्बन्धी तथ्यांक:-वार्षिक रुपमा श्रावण मसान्त सम्म

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**५.अनुमान अनुमोदन तथा सार्वजनीकिकरण**

छनौट भएका नमूना किसान परिवारहरुको प्रत्यक्ष अन्तर्वाता तथा बाली कटानी विधिद्वारा निर्दिष्ट फारामहरु भरिसकेपछि कार्यालयमा तथ्याङ्क प्रविष्टि गरीहरेक बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व अनुमान गर्नुपर्दछ। यसै गरी पशुपन्छी र मत्स्य तर्फ बार्षिक औषत संख्या तथा उत्पादन आंकलन गर्नुपर्दछ ।यसरी कृषि तथा पशु विकास शाखाहरुबाट तयार पारिएको तथ्याङ्कको विश्वसनियता एवं वैधता (Reliability and Validity) कायम राख्न पेश भएका अनुमानहरु माथि आवश्यक छलफल, विश्लेषण र अनुमोदन गर्न स्थानीय तह स्तरमा अनुसुचि-५ मा प्रस्तावित ढाँचाको तथ्याङ्क व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । तथ्याङ्क व्यवस्थापन समितिले बर्षमा कम्तिमा दुई पटक र आवश्यक ठानेको समयमा बैठक बसी आवश्यक निर्णयहरु लिनुपर्नेछ। छलफलमा बाली तथा पशुपन्छी सम्बन्धी रोग, किराको प्रकोप, महामारी, प्राकृतिक विपत्तिबाट सृजित नोक्सानी लगायतका विविध पक्षहरुको समेत तथ्याङ्क एबं विवरणहरु व्यवस्थापन गरी सम्बन्धित निकायमा आदान-प्रदान गर्नु पर्दछ ।

**६.तथ्याङ्क प्रविष्टि**

प्राप्त कृषि, पशुपन्छी र मत्स्य तथ्याङ्कका प्रारम्भिक अंङ्कहरु माथि बुँदा ४.३ मा उल्लेख गरिएको समय सीमा भित्र संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विकास गरेको **Web-based AMIS Software** मा प्रविष्ट गर्नुपर्नेछ।यस कार्यका लागि संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यक प्राविधिक सहयोग तथा तालिमको व्यवस्था गर्नेछ ।

**७.कार्यक्रम सञ्चालन गर्ने सरकार/तह तथा तिनको जिम्मेवारी**

स्थानीय स्तरमा कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन एवं व्यबस्थापन कार्यक्रमको कार्यान्वयन स्थानीय तहबाट सञ्चालन हुनेछ । तथ्याङ्क संकलन तथा व्यवस्थापन कार्यको लागि प्राविधिक पृष्ठपोषण एवं क्षमता अभिवृद्धिको कार्यक्रम सम्बन्धित प्रदेश मन्त्रालय र संघीय कृषि तथा पशुपन्छी बिकास मन्त्रालयले गर्नेछ । स्थानीय तह र कृषि तथा पशुपन्छी बिषय हेर्ने सम्बन्धित संघीय एवं प्रदेश सरकार बीच आपसी साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।स्थानीय तह तथा सम्बन्धित मन्त्रालयलको काम कर्तव्य भूमिकाका बारेमा तल उल्लेख गरिएको छ ।

**७.१ संघीय सरकार**

कृषि तथा पशुपन्छी बिकास मन्त्रालयले कृषि/पशुसेवा हेर्ने संघीय बिभागसंगको सहकार्यमा तपशिल बमोजिका कार्यहरु गर्नेछ ।

(क)कृषितथ्याङ्क सम्वन्धी राष्ट्रिय नीति तथा मापदण्डको विकास

(ख)प्राविधिक पृष्ठपोषण, गुणस्तर अभिबृद्धि र कर्मचारी क्षमता विकास

(ग)कार्यक्रम सञ्चालनमा सहजिकरण

(घ)केन्द्रिय तथ्याङ्क सम्वन्धी **Web-based AMIS Software** व्यवस्थापन

(ङ)अनुगमन तथा मुल्याङ्कन

(च)राष्ट्रिय कृषि तथ्याङ्क अन्तिम प्रमाणिकरण, अभिलेखिकरण तथा प्रकाशन ।

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

### ७.२ प्रदेश सरकार

(क)प्राविधिक पृष्ठपोषण

(ख)कार्यक्रम सञ्चालनमा समन्वय तथा सहजिकरण

(ग)अनुगमन तथा मुल्याङ्कन

(घ)प्रदेशिक स्तरमा कृषि तथ्याङ्कको व्यवस्थापन, अभिलेखिकरण तथा प्रकाशन ।

### ७.३ स्थानीय तह/सरकार

(क)कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण तथा सम्प्रेषण कार्यको लागि सम्बन्धित संघीय तथा प्रदेश सरकारसँग कार्यक्रम संयोजन गर्दै आफ्ना तथ्याङ्कीय कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयन

(ख)तोकिएको समय सीमा भित्र संकलित तथ्याङ्क सफ्टवेरमा प्रविष्टि तथा सम्प्रेषण

(ग)प्रदेश सरकार एवं स्थानीय साधन स्रोत समेतको व्यवस्था गरी स्थानीय कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क व्यवस्थापन प्रणालीको सबलिकरण

(घ)नियमित अनुगमन, पृष्ठपोषण एवं प्रतिबेदन

(ङ)स्थानीय तहमा कृषि तथ्याङ्कको व्यवस्थापन, अभिलेखिकरण तथा प्रकाशन ।

## ८.कार्यक्रम अनुगमन मुल्याङ्कन तथा प्रतिबेदन

### ८.१ प्रगति प्रतिवेदन पठाउनु पर्ने

(क)सशर्त हस्तान्तरित कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको चौमासिक एवं वार्षिक प्रगति विवरण अनुसुचि-६ मा उल्लेख गरिएको फर्मेटमा सम्वन्धित स्थानीयतहले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।यसका साथ-साथै बुँदा नंम्बर ६ अनुसार नियमित रुपमा तथ्यांक प्रबिष्टिको कार्य पनि गर्नु पर्नेछ ।

(ख) माथी उल्लेख गरिए अनुसार कार्यक्रमको नियमित प्रतिबेदन पेश नगर्ने स्थानीय तहलाई आगामी आर्थिक बर्षमा कार्यक्रम सञ्चालनका लागि बजेट प्रस्ताव गरिने छैन ।

### ८.२ अनुगमन तथा मुल्याङ्कन

संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्याङ्कनको मुख्य जिम्मेवारी सम्वन्धित स्थानीय तहकै हुनेछ ।यसरी सञ्चालित कार्यक्रमको कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सम्बन्धित प्रदेश सरकारबाट समेत अनुगमन कार्य हुनेछ ।

### ८.३ तथ्यांङ्कीय विवरण प्रकाशन गर्नु पर्ने

यस मार्गदर्शन अनुसार सञ्चालित कार्यक्रमहरुबाट प्राप्त हुने तथ्यांङ्कीय विवरणहरु स्थानीय तहले नै आवधिक रुपमा प्रकाशन गर्ने पुस्तिकामा प्रकाशन गर्नु पर्नेछ ।

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूचि-१

## वर्षे बाली तथ्याङ्क सँकलन फारम ढाँचा

प्रदेश ---------------
जिल्ला---------------
स्थानीय तह--------------- वडा नं.-------------- गाउँ/टोल --------------
कृषकको नाम, थर ........................................ सम्पर्क नं.........................

| क.स | बालीको नाम | यस वर्षको | | कैफियत |
|---|---|---|---|---|
| | | क्षेत्रफल हेक्टर | उत्पादन मेटन | |
| १ | चैते धान | | | |
| २ | वर्षे धान | | | |
| ३ | भदैया/घैया | | | |
| ४ | वर्षे मकै | | | |
| ५ | कोदो | | | |
| ६ | चिनो | | | |
| ७ | कागुनो | | | |
| ८ | लट्टे | | | |
| ९ | वर्षे आलु | | | |
| १० | मास | | | |
| ११ | भटमास | | | |
| १२ | बोडी | | | |
| १३ | सिमी | | | |
| १४ | अन्य दलहन | | | |
| १५ | तोरी | | | |
| १६ | फर्सी | | | |
| १७ | भान्टा | | | |
| १८ | गोलभेडा | | | |
| १९ | अन्य तरकारी | | | |
| २० | मसला बाली | | | |
| | बेसार | | | |
| | अदुवा | | | |
| | लसुन | | | |
| | प्याज | | | |
| | अन्य | | | |
| २१ | वर्षे फलफूल | | | |
| | आँप | | | |
| | लिचि | | | |
| | केरा | | | |
| | मेवा | | | |
| | अन्य | | | |

*नोटः तथ्यांक संकलन गर्दा प्राङगारिक वा अन्य सुरक्षित तरिका अपनाइ उत्पादन गरिएको कृषिवस्तु भएमा सो सम्बन्धि को विवरण (जस्तै खेती गरीको क्षेत्रफल, रुपान्तरण अवधि, उत्पादित बालीले ओगटेको क्षेत्रफल, आफ्नो क्षेत्रमा भएका प्राङगारिक फार्म संख्या) पनि संकलन गर्नुपर्नेछ ।*

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## अनुसूचि-२

## हिउँदे बाली तथ्याङ्क सँकलन फारम ढाँचा

प्रदेश --------------- जिल्ला---------------

स्थानीय तह--------------वडा नं.-------------- गाउँ/टोल --------------

कृषकको नाम, थर ........................................ सम्पर्क नं.........................

| क.स | बालीको नाम | यस वर्षको | | कैफियत |
|---|---|---|---|---|
| | | क्षेत्रफल हेक्टर | उत्पादन मेटन | |
| १ | हिउँदे मकै | | | |
| २ | बसन्ते मकै | | | |
| ३ | गहुँ | | | |
| ४ | जौ | | | |
| ५ | फापर | | | |
| ६ | जै | | | |
| ७ | हिउँदे आलु | | | |
| ८ | चना | | | |
| ९ | केराउ | | | |
| १० | मुसुरो | | | |
| ११ | रहर | | | |
| १२ | मस्याङ | | | |
| १३ | अन्य दलहन | | | |
| १४ | तोरी | | | |
| १५ | अन्य तेलहन बाली | | | |
| १६ | काउली | | | |
| १७ | बन्दा | | | |
| १८ | साग (रायो, पालुङ्गो, चम्सुर, आदी) | | | |
| १९ | मूला | | | |
| २० | गाँजर | | | |
| २१ | अन्य तरकारी | | | |
| २२ | हिउदे फलफूल | | | |
| | स्याउ | | | |
| | नासपाति | | | |
| | किवि | | | |
| | ओखर | | | |
| | आरुवखडा | | | |
| २३ | सुन्तला जात फलफूल | | | |
| | सुन्तला | | | |
| | कागति | | | |
| | जुनार | | | |
| २४ | अन्य फलफूल | | | |
| २५ | अन्य हिउँदे बाली | | | |

**सम्भव भएसम्म तथ्यांक संङ्कलन गरिने स्थानको Global Positioning System (GPS) (Altitude and Longitude) समेत उल्लेख गर्ने। यो विवरण लिने Application एन्ड्रोयड मोवाइलको Google play store बाट डाउनलोड गर्न सकिन्छ । जस्तै काठमाण्डौंको किर्तिपुरको किसान घरधुरिबाट विवरण लिएको भए उक्त स्थानको GPS Latitude: 27° 40' 43.39" N and Longitude: 85° 16' 39.00" E हुन्छ ।*

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूचि- ३

## पशुपन्छी तथ्याङ्क सँकलनफारम ढाँचा

प्रदेश-------------- जिल्ला--------------

स्थानीय तह-----------वडा नं.--------------गाउँ/टोल-------------

कृषकको नाम, थर ....................................... सम्पर्क नं.......................

| क्र.सं. | विवरण | संख्या (जम्मा) | विवरण | उत्पादन | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाई, गोरु, बाच्छा,बाच्छी | | १. दुध उत्पादन (लि) | | |
| २ | रांगो, भैंसी ,पाडा, पाडी | | १.१ गाई | | |
| ३ | बाखासबै | | १.२ भैसी | | |
| ४ | सुंगुर, बंगुर | | १.३ नाक | | |
| ५ | भेडासबै | | १.४ चौरी | | |
| ६ | च्याङ्ग्रा | | २. मासु उत्पादन (मेटन) | | |
| ७ | कुखुराचल्ला सहित | | २.१ रांगो, भैंसी | | |
| ८ | हाँस | | २.२ खसी, बोका, बाखा | | |
| ९ | दूधदिने गाई | | २.३ भेडा | | |
| १० | दूधदिने भैंसी | | २.४ च्याङ्ग्रा | | |
| ११ | फुलपार्ने कुखुरा | | २.५ सुंगुर, बंगुर | | |
| १२ | फुलपार्ने हाँस | | २.६ कुखुरा | | |
| १३ | खरायो | | २.७ हाँस | | |
| १४ | घोडा | | २.८ अन्य खुलाउने | | |
| १५ | याक, चौरी | | ३. अण्डा उत्पादन (हजारमा) | | |
| १६ | कुकुर | | ३.१ कुखुरा | | |
| १७ | विरालो | | ३.२ हाँस | | |
| १८ | अन्य खुलाउने | | ४. उन उत्पादन (केजी) | | |
| | | | ५. पश्मिना उत्पादन (केजी) | | |
| | | | ६. छाला उत्पादन (वर्ग मिटर) | | |
| | | | ७. छुर्पी उत्पादन (केजी) | | |
| | | | ८. अन्य उत्पादन (खुलाउने) | | |

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूचि-४

## मत्स्य तथ्याङ्क सँकलनफारम ढाँचा

प्रदेश ---------------                                                    जिल्ला---------------

स्थानीय तह-----------वडा नं.--------------          गाउँ/टोल --------------सम्पर्क नं....................

कृषकको नाम, थर.........................................

| क्र.सं. | माछाका जातहरु | माछा पोखरी सङ्ख्या | क्षेत्रफल | | | उत्पादन मेटन |
|---|---|---|---|---|---|---|
| | | | बि/रो | क/आ | धू/पै | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*बि=बिघा, रो=रोपनि, क=कठ्ठा, आ=आना, धू=धुर, पै=पैसा

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## अनुसूचि-५

## कृषि तथा पशुपन्छी तथ्याङ्क ब्यबस्थापन समितिको ढाँचा

क)प्रमुख प्रशासकीय अधिकृतः संयोजक
ख)पशुपन्छी बिषय हेर्ने शाखा प्रमुखः सदस्य
ग)योजना हेर्ने शाखा प्रमुखः सदस्य
घ)तथ्याङ्क तथा सूचना प्रविधि बिषय हेर्ने शाखा प्रमुखः सदस्य
ङ)स्थानीय तहमा रहेका जानकार व्यक्ति बढिमा २ जनाः सदस्य
च)कृषि बिषय हेर्ने शाखा प्रमुखः सदस्य सचिव

डा.हरि बहादुर के.सी.
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूचि-६

### सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण पेश गर्ने ढाँचा

| क्र.सं | संचालित क्रियाकलापको नाम | ईकाइ | परिमाण | | बित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | बिनियोजित रकम (रु.) | खर्च रकम (रु.) | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अन्य केहि विवरण उल्लेख गर्नुपर्ने भएमा..........................

२०६६/०३/१४

डा.हरि बहादुर के.सी.
सह-सचिव